# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक १९ गते २०३१ साल

श्री ५ को सरकार

### उद्योग वाणिज्य मन्त्रालयको

### सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राजपत्र भाग ३ मिति २०३०।१०।८ मा प्रकाशित यस मन्त्रालयको व्यापारिक फर्महरूले आफूले पाएको बोनस अन्तर्गत पैठारी इजाजत दिनेसम्बन्धी आदेशमा देहायबमोजिम हेरफेर हुने गरी यो आदेश जारी गरेको छ ।

१. २५ प्रतिशतसम्म पैठारी गर्न पाउने वस्तुहरूको फिहरिस्तको "काष्टिक सोडा" भन्ने शब्दपछि "चुरोट" (देहायका ब्राण्डहरू मात्र) भन्ने वाक्यांश राखिएको छ ।

| | |
|---|---|
| (१) काइभेन "ए" | (२) ड्यूमरिया |
| (३) ष्टेट एक्स्प्रेश–५५५ र ९९९ | (४) बेन्सन एण्ड हेजेज |
| (५) डन हिल | (६) ब्लाक एण्ड व्हाइट |
| (७) पालमाल | (८) केण्ट |
| (९) चेष्टर फिल्ड | (१०) क्यामेल |
| (११) मार्ल बरो | (१२) सेयमेन किंग साइज । |

५८३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. "चुरोट" को पैठारी इजाजत लिने व्यापारिक फर्महरूलाई वस्तु संशोधन गर्न नपाउने गरी निम्न वस्तुहरू मात्र पैठारी गर्न पाइनेछ ।

(क) कमसेकम २५ प्रतिशत पैठारी गर्न पर्ने वस्तुहरू:–

फलामे डण्डी, पाइप (सबै किसिमको), रूफिंग सिट्स, जी.आई. प्लेन सिट्स र सूति धागो मात्र ।

(ख) ५० प्रतिशतसम्म पैठारी गर्न पाइने वस्तुहरू:–

साबुन, दूध र दूधबाट बनेका वस्तुहरू, सिउने कल र सूति कपडा मात्र ।

द्रष्टव्य:– एकै पटकमा "चुरोट" समेतको इजाजत उठाई सकेपछि पुनः वस्तु परिवर्तन नहुने र "चुरोट" को इजाजत लिन नचाहेमा साविकबमोजिम नै हुनेछ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

768

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।